# आकाशवाणी समाचार

**December 03, 2025**

**प्रमुख समाचार**

१. राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीले प्रथम राष्ट्रपति डा. राजेन्द्र प्रसादलाई उनको जन्मजयन्तीमा अर्पण गर्नुभयो श्रद्धाञ्जली

२. राष्ट्रपतिद्वारा राष्ट्रिय पुरस्कार समारोहलाई सम्बोधन

३. प्रधानमन्त्रीले प्राकृतिक खेतीको महत्वमाथि पार्नुभयो प्रकाश

४. सञ्चारमन्त्रीद्वारा **सञ्चार साथी** एपबाट जासुसी सम्भव नभएको दाबी

५. श्रम तथा रोजगार मन्त्रीले **इन्डिया एज २०२५** सम्मेलनलाई गर्नुभयो सम्बोधन

## Prez & PM- Rajendra Prasad

राष्ट्रपति द्रौपदी मुर्मुले आज भारतका प्रथम राष्ट्रपति डा. राजेन्द्र प्रसादलाई उनको जन्मजयन्तीमा राष्ट्रपति भवनमा पुष्पाञ्जलि अर्पण गर्नुभयो। त्यसैगरी उपराष्ट्रपति सी.पी. राधाकृष्णनले पनि पूर्व राष्ट्रपतिलाई श्रद्धाञ्जली अर्पण गर्दै डा. प्रसादको सरलता, निष्ठा र लोकतान्त्रिक मूल्यमान्यताप्रतिको आजीवन प्रतिबद्धताले भावी पुस्तालाई प्रेरणा दिइरहने बताउनुभयो। प्रधानमन्त्री नरेन्द्र मोदीले पनि डा. राजेन्द्र प्रसादलाई उनको जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गर्दै भारतको स्वतन्त्रता संग्राममा सक्रिय रूपमा भाग लिने र संविधानसभाको अध्यक्षता गर्नेदेखि पहिलो राष्ट्रपति बन्नेसम्म डा. प्रसादले अतुलनीय मर्यादा, समर्पण र उद्देश्यको स्पष्टताका साथ राष्ट्रको सेवा गरेको उल्लेख गर्नुभयो।

## President- Disability

आज अन्तराष्ट्रिय दिव्यांगजन दिवस हो। राष्ट्रपति द्रौपदी मुर्मुले नयाँ दिल्लीमा दिव्याङ्गजनहरूको सशक्तिकरणका लागि **राष्ट्रिय पुरस्कार समारोहलाई** सम्बोधन गर्दै, दिव्याङ्गजनहरूलाई समान व्यवहार गरेमा मात्र समाजको वास्तविक विकास हुन सक्ने बताउनुभयो। उहाँले दिव्याङ्गजनहरूलाई दयाले होइन, सम्मान र मर्यादाले व्यवहार गरिनुपर्ने कुरामा जोर दिनुभयो। कार्यक्रममा, राष्ट्रपतिले दिव्यावङ्गजनहरूको सशक्तिकरणमा अनुकरणीय प्रयास गर्ने व्यक्ति र संस्थाहरूलाई राष्ट्रिय पुरस्कार प्रदान गर्नुभयो।

## PM- Natural Farming

प्रधानमन्त्री नरेन्द्र मोदीले आज प्राकृतिक खेतीको महत्त्वलाई प्रकाश पार्दै यसले प्राकृतिक जैविक विविधतालाई समर्थन गर्न बोटबिरुवा, रूख र पशुधन एकसाथ रहने विविध क्षेत्रहरूलाई प्रवर्धन गर्दछ भन्नुभयो। उहाँले देशभरका मानिसहरूलाई प्राकृतिक खेती अभ्यासहरू अपनाउन र विस्तार गर्न आह्वान गर्नका साथै प्राकृतिक खेती भारतको परम्परागत ज्ञान प्रणाली र आधुनिक पारिस्थितिक सिद्धान्तहरूबाट प्राप्त हुन्छ भन्नुभयो। उहाँले गत वर्ष, सरकारले प्राकृतिक खेती सम्बन्धी **राष्ट्रिय मिसन** सुरु गरेको, जसले लाखौं किसानहरूलाई दिगो अभ्यासहरूसँग जोडिसकेको बताउनुभयो।

## Scindia- Sanchar Sathi App

केन्द्रीय सञ्चारमन्त्री ज्योतिरादित्य सिन्धियाले आज लोकसभामा एक प्रश्नको जवाफमा, विपक्षीहरूको जासुसीको आरोपलाई अस्वीकार गर्दै, **सञ्चार साथी** एपबाट जासुसी सम्भव छैन भनेर बताउनुभयो। उहाँले प्रयोगकर्ताहरूले यसका फाइदाहरूबाट लाभ उठाउन यो एप आफ्नो सुविधाअनुसार दर्ता गरेर सक्रिय गर्न सक्छन्, र उनीहरूले कुनै पनि समयमा आफ्नो उपकरणबाट यसलाई निष्क्रिय वा मेटाउन सक्छन् भनेर स्पष्ट पार्नुभयो। सबै नागरिकहरूलाई साइबर सुरक्षामा पहुँच प्रदान गर्ने उद्देश्यले सरकारले सबै स्मार्टफोनहरूमा सञ्चार साथी एपको पूर्व-स्थापना अनिवार्य गरेको थियो। हालसम्म १ करोड ४० लाख प्रयोगकर्ताहरूले यो एप डाउनलोड गरेका छन् र प्रति दिन दुई हजार ठगी घटनाहरूको जानकारी दिनमा योगदान पुऱ्याइरहेका छन्।

## Mandaviya- Labour

श्रम तथा रोजगार मन्त्री डा. मनसुख मण्डावियाले आज नयाँ दिल्लीमा आयोजित **इन्डिया एज २०२५** सम्मेलनमा लगभग चौंसठी प्रतिशत नागरिकले कम्तिमा एक प्रकारको सामाजिक सुरक्षा प्राप्त गर्छन्, जसले गर्दा भारत आफ्ना नागरिकहरूलाई सामाजिक सुरक्षा लाभ प्रदान गर्ने विश्वको दोस्रो ठूलो देश बनेको जानकारी दिनुभयो। उहाँले पुराना श्रम कानुनहरूलाई नयाँ श्रम संहितामा एकीकृत गरेर विश्वव्यापी रूपमा प्रतिस्पर्धी बनाउन श्रम कानुनहरूमा सुधार गर्न जोड दिनुभयो। उहाँले यी सुधारहरू प्रत्यक्ष विदेशी लगानी आकर्षित गर्न, कामदार कल्याण सुनिश्चित गर्न, सामाजिक सुरक्षालाई सुदृढ पार्न र उद्योग-श्रम तालमेललाई प्रवर्धन गर्न डिजाइन गरिएको बताउनुभयो।

## Ration card

केन्द्रीय खाद्य, सार्वजनिक वितरण तथा उपभोक्ता मामिला मन्त्री प्रल्हाद जोशीले आज लोकसभामा प्रश्नोत्तरको समयमा पूरक प्रश्नहरूको जवाफ दिँदै, देशभरका लगभग सय प्रतिशत राशन कार्डहरू अब डिजिटलाइज्ड भइसकेको बताउनुभयो। उहाँले लगभग सबै बीस करोड अन्ठाउन्न लाख घरेलु राशन कार्डहरू डिजिटलाइज्ड भइसकेको जानकारी दिनुभयो। उहाँले सरकारले **प्रधानमन्त्री गरीब कल्याण अन्न योजना** अन्तर्गत लाभार्थीहरूलाई नि:शुल्क राशन प्रदान गरिरहेको र यो **दुई हजार उन्तीस** सम्म जारी रहने जानकारी दिनुभयो।

**Mission Mausam**

पृथ्वी विज्ञान राज्यमन्त्री डा. जितेन्द्र सिंहले लोकसभामा एक प्रश्नको लिखित जवाफमा, भारतीय मौसम विभागले जनता र सम्बन्धित सरोकारवालाहरूलाई निरन्तर समयमै सतर्कता र पूर्वानुमान जारी गर्दछ भनेर भन्नुभयो। उहाँले हालै, भारतलाई मौसम-तयार र जलवायु-स्मार्ट राष्ट्र बनाउनका लागि नयाँ केन्द्रीय क्षेत्र योजना, **मिशन मौसम**, सुरु गरिएको जानकारी दिनुभयो। उहाँले हालै सुरु गरिएको भारत पूर्वानुमान प्रणाली मुख्यतया छोटो र मध्यम दूरीको मौसम अनुमान सुधार गर्न विकसित गरिएको जानकारी दिनुभयो।

**Sri Lanka Ditwah**

श्रीलंकामा चक्रवात दित्वा-का कारण मृत्यु हुनेको संख्या तीव्र गतिमा बढेको छ। आपदा व्यवस्थापन केन्द्रले धेरै दिनको भीषण बाढी र पहिरोपछि चार सय चौरत्तर जनाको मृत्यु र तीन सय छपन्न जना बेपत्ता भएको पुष्टि गरेको छ। विपद्को यस घडीमा, भारतले भारतीय हेलिकप्टर, जहाजहरू र एनडीआरएफ टोलीहरू सहित **अपरशेन सागर बन्धुलाई** निरन्तरता दिएको छ जसले गर्दा दुर्गम गाउँबाट परिवारहरूको उद्धार, घाइतेहरूलाई एयरलिफ्ट र राहतको ठूलो ढुवानी वितरण गरिएको छ।

**Union Minister Conference**

ए.आई प्रभाव सम्मेलन २०२५ आज शिलङको  राज्य सम्मेलन केन्द्रमा आयोजित भयो। यो फेब्रुअरी २०२६ मा हुने शिखर सम्मेलन अघि क्षेत्रीय शिखर सम्मेलनहरूको एक श्रृंखला हो।

**Cricket**

पुरुष क्रिकेटमा, भारतले रायपुरको शहीद वीर नारायण सिंह अन्तर्राष्ट्रिय स्टेडियममा तीन खेलको एकदिवसीय शृङ्खलाको दोस्रो खेलमा दक्षिण अफ्रिकालाई तीन सय उन्साठी रनको लक्ष्य दिएको छ। आयोजक टोलीले निर्धारित पचास ओभरमा पाँच विकेट गुमाउँदै तीन सय अन्ठाउन्न रन बनाएको छ। रुतुराज गायकवाडले तिरासी बलमा १०५ रन बनाए भने विराट कोहलीले तिरानब्बे बलमा १०२ रन बनाए। यो कोहलीको तिरपन्नौं एकदिवसीय शतक थियो।

**Hockey**

भारतले स्विट्जरल्याण्डलाई पाँच-शून्यले हराउँदै FIH पुरुष जुनियर हक्की विश्वकप २०२५ को क्वार्टरफाइनलमा प्रवेश गरेको छ। तमिलनाडुको मदुरै अन्तर्राष्ट्रिय हक्की स्टेडियममा सम्पन्न खेलमा भारत तीन खेलबाट नौ अंकसहित पूल बी मा शीर्ष स्थानमा रह्यो। भारतीय टोलीले शुक्रबार चेन्नईमा हुने क्वार्टरफाइनलमा बेल्जियमको सामना गर्नेछ। भारतले यसअघि १९९७ र २०१६ मा जुनियर हक्की विश्वकप जितिसकेको छ। यसैबीच, महिला FIH हक्की जुनियर विश्वकपमा, भारतले आज आफ्नो दोस्रो पूल खेलमा जर्मनीको सामना गर्नेछ। यसअघि सोमबार, भारतले नामिबियालाई तेरह-शून्यले पराजित गर्दै आफ्नो अभियानको बलियो सुरुवात गरेको थियो। भारत हाल आफ्नो पूल स्ट्यान्डिङमा अग्रणी छ। जर्मनीले आफ्नो उद्घाटन खेलमा आयरल्याण्डलाई ७-१ ले पराजित गरेको छ।

**प्रमुख समाचार पुनः एकपटक**

१. राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीले प्रथम राष्ट्रपति डा. राजेन्द्र प्रसादलाई उनको जन्मजयन्तीमा अर्पण गर्नुभयो श्रद्धाञ्जली

२. राष्ट्रपतिद्वारा राष्ट्रिय पुरस्कार समारोहलाई सम्बोधन

३. प्रधानमन्त्रीले प्राकृतिक खेतीको महत्वमाथि पार्नुभयो प्रकाश

४. सञ्चारमन्त्रीद्वारा **सञ्चार साथी** एपबाट जासुसी सम्भव नभएको दाबी

५. श्रम तथा रोजगार मन्त्रीले **इन्डिया एज २०२५** सम्मेलनलाई गर्नुभयो सम्बोधन